# कर्णाली प्रदेश र विकास



माननीय दीनबन्धु श्रेष्ठ *

नेपालको संविधान, २०७२ निर्माणको क्रममा प्रदेशहरूको प्रथम सिमाङ्कन प्रस्तावलाई आफ्नो पहिचान र स्वायत्तताको निमित्त अस्वीकार गरी सशक्त आन्दोलनमार्फत सिमाङ्कन परिवर्तन भै प्रदेश नं ६ (हाल कर्णाली प्रदेश) प्राप्त भए पनि प्रदेश कार्यान्वयनमा विकासको लागि आवश्यक स्रोत परीचालन तथा शासनशक्ति माथिको अधिकार कार्यान्वयनमा प्रभावकारीता अत्यन्तै न्यून देखिएको छ । हाम्रो अगाडि एउटा ठूलो मौका छ । कर्णाली प्रदेशको समृद्ध र आर्थिक विकास, सर्वसाधारण जनता, विकास र स्वायत्तता प्रति इमान्दारिता छ भने यसको लागि सबै राजनीतिक दल, नागरीक समाज, अधिकारकर्मी तथा अन्य सरोकारवालाहरू एकै मञ्चमा आउनुपर्दछ । अन्य मुलुकहरूलाई हेर्ने हो भने स्वायत्तताको सकारात्मक प्रयोगले सम्पन्नता ल्याएको र नकारात्मक प्रयोगले समाजमा विखण्डन तथा दुरावस्था सृजना गरेको पाइएको छ तथापी लोकतन्त्रमा समान अधिकारको प्रभावकारी कार्यान्वयनको लागि स्वायत्तता शसक्त माध्यम हो ।

संवैधानिक र कानूनीरूपमा समान भए पनि भावानात्मक र व्यबहारीक रूपमा भने हामी विभेदमा छौं । हाम्रा गाँउघर बस्तीहरूमा विपन्नता व्याप्त छ र देशको मुलधाराबाट अझै टाढा छौं। जीवनको गुणस्तर तथा विकास लाई मापन गरीने मानव विकास सुचकाङ्कमा पनि हामी धेरै पछि छौं। यस क्षेत्रको भौगोलिक विकटता र सामाजिक पछौटेपन कैयौं विकासे पेशेवरहरू तथा संस्थाहरूका लागि भरपर्दो आम्दानी र सुखमय जीवनको प्रमुख स्रोत नै बनेको छ। यद्यपी पछौटे समाजलाई उल्लेख्य सुधार गरेको तथ्याङ्क सम्बन्धित निकायहरूबाट प्रसार हुने गरेको भए पनि वास्तविक जीवनको गुणस्तर बृद्धिका लागि गरिएका प्रयासहरू भने अर्पयाप्त नै रहेका छन्। यस्तो किनभयो ? अब के गर्नु पर्ने हो ? राजनीतिक स्वार्थ र व्यक्ती स्वार्थ भन्दा माथि उठेर बुझ्नु पर्दछ । हिनतायुक्त भावना त्यागेर समस्याको पहिचान र समाधानका उपायहरू निकाल्नु पर्दछ । सहानुभूतिको पात्र होइन, स्वाभिमान र सकारात्मक तथा कुशलतापूर्वक प्रयोग गरीएको क्षमताले समग्र समाजको प्रगति सम्भव हुन्छ ।

---

* सदस्य, कर्णाली प्रदेश सभा तथा अध्यक्ष, सार्वजनिक लेखा समिति

मानव संसाधन विकासलाई केन्द्रबिन्दुमा राखी शिक्षा, स्वास्थ, आयबृद्धि जस्ता गुणस्तरीय जीवनको लागि आधारभुत तत्वहरू समाबेशी अबधारणामा आधारित विकास लक्ष्य हुनुपर्दछ । आर्थिक क्रियाकलापमा उत्पादनमुखी भन्दा उपभोगमुखी प्रवृति हावी भैरहेकोले आर्थिक प्रगतिकालागि उद्यमशिलता विकास, उत्पादनशिल पूर्वाधार, लगानी र प्रविधि जस्ता महत्वपुर्ण पक्षमा ध्यान केन्द्रित गरेर अन्यत्र भन्दा गुणस्तरीय तथा कम लागतमा उत्पादन गर्न सम्भव हुने क्षेत्रमा रोजगार बृद्धि हुने गरी व्यापकरूपमा कार्यक्रम चलाउनु पर्दछ । विशिष्ट हावापानी र प्राकृतिक स्रोतले हामीलाई अधिक उत्पादकत्व र अनुपम क्षमता प्रदान गरेको छ । आधुनिक प्रवधि र व्यवस्थापकीय कौशल प्रयोग गर्न सकिएमा देशको आबश्यकता पुरा गरी विदेश निर्यात गर्नसक्ने गरी फलफूल, तरकारी, लेकालीबाली, पुष्प, जडीबुटी तथा पशुजन्य उत्पादन औद्योगिक स्तरमा गर्न सकिने प्रसस्त संभावना रहेकाले यसको लागि अरुको भरमा होइन हामी आफै तयार हुनुपर्दछ । यसको साथै हाम्रा विशिष्ट परम्परागत उत्पादनलाई आधुनिकीकरण गरेर बाह्य बजारमा शसक्त उपस्थिती सहित रोजगारीमा बृद्धि र आर्थिक लाभ लिन सकिन्छ ।

देशमा सबैभन्दा बढी विद्युत उत्पादन हुनसक्ने कर्णाली र यसका सहायकनदीहरूको प्रवाह रहेकोले जलस्रोतको क्षेत्रमा सरकारी, निजी र वैदेशिक पुँजी तथा लगानीलाई आर्कषित गर्नुपर्दछ । जलस्रोतको संरक्षणका लागि बन जंगल अधिक संरक्षण र वातावरणमैत्री प्रविधिको प्रयोग आबश्यक हुन्छ । तर दुर्भाग्यवश कर्णाली प्रदेश सरकारको क्षमता यस मामलामा निकै कमजोर देखिन्छ । विकास निती र कार्यान्वनमा कुनै नयाँ तथा प्रभावकारीता देखिदैन ।

नेपाली भाषाको उत्पति केन्द्र कर्णाली प्रदेशमा हामीबाटै हुने पहलले प्राकृतिक सौन्दर्यता तथा साँस्कृतिक बिशिष्टताको एकिकृतरूपबाट पर्यटन प्रवर्धन कार्यक्रमबाट स्थानीयलाई अधिक लाभान्वित गराउन सकिने संभावना प्रसस्त छ ।

नेपालमा लोकतान्त्रिक आन्दोलनमा जसरी कर्णाली क्षेत्रले सशक्त भूमिका निर्वाह गर्यो त्यसरी नै समृद्ध कर्णाली निर्माण गरी समृद्ध नेपाल बनाउन अगुवा भूमिका कर्णालीले लिन सामुहिक प्रयत्न गरौं ।